# केदारस्युँ गाउँपालिका विपद उद्दार तथा राहत कोष व्यवस्थापन कार्यविधि, २०७४

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७४।१०।१२

केदारस्युँ गाउँपालिका

केदारस्युँ गाउँपालिका
गाउँ कार्उपालिकाको कार्यालय
देउरा, बझाङ्ग

“केदारस्युँ गाउँपालिका विपद उद्दार तथा राहत कोष व्यवस्थापन कार्यविधि, २०७४”

## प्रस्तावना

विपदको दृष्टिकोणबाट नेपाल संसारकै संवदनशील देशहरु मध्ये एक हो । जनसंख्याको बढ्दो चाप, अदुरदर्शी भौतिक विकास तथा भौतिक संरचना निर्माण, अव्यवस्थित बसोबास, अवैज्ञानिक खेती प्रणाली, जथाभावी वन फँडानी तथा अतिक्रमण, कृषिमा अव्यवस्थित चाप, जलवायु परिवर्तनका नकारात्मक प्रभावहरु, जनचेतनाको कमी जस्ता कारणले हरेक वर्ष हुने बाढी-पहिरो, आगलागी, भूकम्प, आँधीबेहरी, अतिवृष्टि, अनावृष्टि, पशुपंक्षी तथा अन्य जीवबाट सरुवा भई आउने रोग वा सरुवा रोगको महामारी, प्राकृतिक कारणले हुने दुर्घटनामा तथा अन्य विपदहरुमा ठूलो धन जनको क्षती हुने गरेको छ जसले गर्दा आर्थिक सामाजिक विकासमा समेत ठूलो नोक्सानी व्यहोर्नु परेको छ । यसरी हुने गरेका मानवीय तथा भौतिक क्षतिलाई न्यूनीकरण गर्नका लागि स्थानीय तह संचालन सम्बन्धि आदेश २०७४ बमोजिम गाँउपालिकाको कोषमा जम्मा भएको रकम केदारस्युँ गाउँपालिका विपद उद्दार तथा राहत कोष खडा गरी सोही कोष मार्फत यस्ता प्रकारका क्षतिमा खर्च गर्दा प्रभावकारी हुने देखि केदारस्युँ गाउँपालिका विपद उद्दार तथा राहत कोष व्यवस्थापन कार्यविधि २०७४ लागु गरिएको छ ।

## उद्देश्य :-

क विपद्मा परेका पीडितलाई उद्धार र पुनः स्थापना गर्ने कार्यका लागि सबै सरकारी तथा गैर सरकारी क्षेत्रको सहयोगमा जनसहभागिता समेत जुटाउनु ।

ख विपद्का लागि अत्यधिक जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कन गरी जनचेतना अभिबृद्धि गर्नु ।

ग विपद्को जोखिमलाई न्यूनीकरण गर्न समय सापेक्ष नीतिगत र संस्थागत संयन्त्रमा सुधार गर्नु ।

घ विपद्बाट पीडित पक्षलाई आधारभूत आवश्यकताका लागि तत्कालै राहत उपलब्ध गराउनु ।

ङ विकास निर्माण तथा भौतिक संरचनाको निर्माण गर्नु अति वातावरण मैत्री प्रणालीमा जोड दिन जनचेतना जगाउनु ।

च विपद्को जोखिम न्यूनीकरणको लागि उपयुक्त सूचना प्रकोप पूर्वको तयारीका लागि उपलब्ध गराउनु ।

छ राष्ट्रिय योजना आयोगले बनाएको उद्देश्य परिपूर्तिका लागि उन्मुख हुनु ।

ज विपद्का लागि लागु हुने प्रयास रोकथाम मूलक नवनाइ उपचार मूलक बनाउनु ।

झ विपद् व्यवस्थापनमा काम गर्ने निकायको बीच समयमा नै समन्वय गर्नु ।

ञ विपद् सम्वन्धी सूचना दिने प्रविधिको व्यवस्थापन तथा व्यवस्थापन गर्नु ।

केदारस्युँ गाउँपालिका

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) संक्षिप्त नाम :- यस कार्यविधीको नाम “केदारस्युँ गाउँपालिका विपद उद्दार तथा राहत कोष व्यवस्थापन कार्यविधि, २०७४” रहनेछ ।

(२) यो निर्देशिका तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क विपद् कोष :- स्थानीय तहको शासन सञ्चालन सम्बन्धि आदेश २०७४ बमोजिम केदारस्युँ गाँउपालिकामा स्थापित केदारस्युँ गाउँपालिका विपद उद्दार तथा राहत कोष बुझिनेछ ।

ख कार्यविधि भन्नाले केदारस्युँ गाँउपालिका विपद उद्दार तथा राहत कोष व्यवस्थापन कार्यविधि २०७४ लाई बुझाउने छ ।

ग व्यवस्थापन समिति :- भन्नाले केदारस्युँ गाउँपालिका विपद उद्दार तथा राहत कोष व्यवस्थापन कार्यविधि २०७४ सञ्चालन समितिलाई बुझाउछ ।

घ गा.पा. भन्नाले :- केदारस्युँ गाँउपालिकाको कार्यालय, बझाङ्गलाई जनाउछ ।

ङ विपद् भन्नाले प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्था सिर्जना भई धनजन, पशुचौपायाको क्षतिको साथै जीवनयापनमा प्रतिकुल असर परी वा पारी विपद्बाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने वाह्य सहयोगको आवश्यकता पर्ने दुःखद तथा कष्टपूर्ण प्राकृतिक वा गैरप्राकृतिक विपद् र हुन सक्ने विपत्तिपूर्ण अवस्थालाई समेत सम्झनु पर्छ ।

च प्राकृतिक विपद् भन्नाले बाढी, अतिवृष्टि, अनावृष्टि, खडेरी, आँधी, असिनापानी, भूकम्प, ज्वालामुखी विष्फोट, बाढी, पहिरो, चट्याङ तथा भूस्खलन जस्ता प्राकृतिक कारणबाट उत्पन्न विपद्लाई सम्झनु पर्छ ।

छ गैर प्राकृतिक विपद् भन्नाले महामारी, अनिकाल, डढेलो, कीट आतङ्क, वर्डफ्लू, सर्पदंश, जनावर आतङ्क, खानी दुर्घटना, औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास वा रसायन चुहावट, विकिरण, ग्यास विष्फोटन विशाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण वा विनास, भौतिक संरचनाका क्षति, मानवीय कारणबाट भएका ठूलो धनजनको क्षतीहुने अकल्पनीय दुर्घटना तथा विपद्का समयमा गरिने उद्धार कार्यका क्रममा हुने दुर्घटना आदिलाई सम्झनु पर्छ ।

(तर गैर प्राकृतिक विपद्को हकमा मदिरा सेवन गरेको तथा न्यूनतम सावधानी नअपनाइएको भनी प्रहरी वा स्वास्थ्य संस्थाको मुचुल्काबाट देखिन आएमा राहत उपलब्ध गराइने छैन ।)

ज विपद् व्यवस्थापन भन्नाले विपद् जोखिम व्यवस्थापन र न्यूनीकरण, विपद् पूर्वतयारी, विपद् पुनर्लाभ संग सम्वन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनु पर्छ ।

झ विपद् जोखिम न्यूनीकरण भन्नाले विपद् पूर्व गरिने विपद् जोखिम विश्लेषण तथा मूल्याङ्कन,विपद् रोकथाम,विपद् अल्पीकरण तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरण संग सम्वन्धित

कार्य सम्झनु पर्छ ।

ञ पूर्व तयारी भन्नाले विपद् हुनु पूर्व सम्भावित विपद्को प्रतिकारको लागि गरिने सबै प्रकारका तयारी र विपद्को सम्भावित जोखिम व्यवस्थापन र न्यूनीकरणका कार्य समेतलाई सम्झनु पर्छ ।

**३. कोषको स्थापना र सञ्चालन :** "केदारस्युँ गाउँपालिका विपद उद्दार तथा राहत कोष" नाम गरिएको एक कोष खडा गरिनेछ ।

(१) यस कोषमा देहाय अनुसारको रकम जम्मा गरिनेछ ।

(क) केदारस्युँ गा.पा.बाट वार्षिक रुपमा विपद् व्यवस्थापन कोषमा विनियोजन भएको रकम ।

(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान सहयोग ।

(ग) विभिन्न सरकारी गैर सरकारी तथा अन्य दाताबाट प्राप्त भएको सहयोग ।

(घ) अन्य स्रोत ।

(२) कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछ ।

क प्रकोपबाट असर परेको वा पर्न सक्ने व्यक्तिको उद्धार र सम्पत्तिको संरक्षण गर्ने,

ख प्रकोपबाट पीडित व्यक्तिको तत्कालीन राहतका लागि अस्थायी शिविर खडा गर्ने,

ग प्रकोपबाट पीडित व्यक्तिको भरण पोषण तथा जीवन निर्वाहका लागि तत्काल आवश्यक पर्ने खाद्यान्न,लत्ता कपडा,औषधी , शैक्षिक सामग्री जस्ता अत्यावश्यक वस्तु खरिद गर्ने,

घ प्रकोपको कारणबाट घाईते वा विरामी भएको व्यक्तिको औषधी उपचार गर्ने,

ङ प्रकोपको कारणबाट देहावसान भएका व्यक्तिको काजक्रिया वा सदगतका लागि मृतकका आफन्तका लागि आर्थिक सहायता गर्ने,

च प्रकोपको कारणबाट भएको फोहोर मैला तथा प्रदुषणको विसर्जन (डिस्पोजल) गर्ने,

छ प्रकोपबाट पीडित व्यक्तिको अस्थायी रुपमा आश्रयस्थल बनाउने वा पुनस्थापना गर्ने,

ज प्रकोपबाट पीडित व्यक्तिको आवासीय घर वा निजको पेशासँग सम्बन्धित औजार, वर्कशप मर्मका लागि आर्थिक सहायता प्रदान गर्ने,

झ प्रकोप रोकथामका लागि सचेतमुलक कार्यक्रम संचालन गर्ने, पुर्वासावधानी अपनाउने वा पुर्व तयारी (प्रिपेयर्डनेश) गर्ने,

ञ प्रकोपको कारणबाट भएको भौतिक तथा खाद्यान्न बाली क्षति भएमा सो बापतको आर्थिक सहायता,

ट मानवीय कारणले घटेका अकल्पनीय दुर्घटनाहरुमा परी ज्यान गुमाएकाहरुको परिवार, अंगभंग

भएका पीडित, दुर्घटनाको कारणबाट दिर्घरोगी भएकालाई आवश्यक आर्थिक सहयोग (आर्थिक रुपमा अत्यन्तै कमजोर परिवारहरुका हकमा मात्र लागु हुने)

(३) कोष रकम प्रयोग हुन नसक्ने : बँदा नं. २ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैन :-

क कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई पारिश्रमिक ,तलव भत्ता वा सुविधा उपलब्ध गराउन,

ख कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

ग कसैलाई चन्दा , पुरस्कार, उपहार वा अनुदान प्रदान गर्न,

(४) कोषको सञ्चालन : (१) कोषको रकम समितिबाट राष्ट्रिय वाणिज्य बैंक वा नेपाल राष्ट्र बैंकले सरकारी कामकाज गर्न सक्ने भनी तोकेका अन्य वाणिज्य बैंकहरुमा खाता खोली जम्मा गरिनेछ ।

(२) बुँदा (१) बमोजिमको खाता गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको व्यक्ति र लेखा अधिकृत वा लेखा उत्तरदायी अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) यस कोषको रकम गाँउपालिका विपद् व्यवस्थापन कोषको खातामा जम्मा गरी प्रचलित आर्थिक ऐन नियमानुसार खर्च गरिनेछ ।

(४) कोषमा जम्मा भएको रकम :- यस कोषमा जम्मा भएको रकम बुँदा नं. २ मा भएका व्यवस्था भन्दा बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन ।

**४. व्यवस्थापन समिति :** (१) केदारस्युँ गाउँपालिका विपद उद्दार तथा राहत कोषको सञ्चालन तथा आवश्यक नीति निर्माण तथा निर्देशनका लागि देहाय वमोजिमका सदस्य रहने गरी एक सञ्चालन समिति रहनेछ ।

| | | |
|---|---|---|
| १ | गाँउपालिका प्रमुख | संयोजक |
| २ | गाँउपालिका उपाध्यक्ष | सदस्य |
| ३ | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक | सदस्य |
| ५ | (जिल्ला) प्रहरि कार्यालयका प्रतिनिधि | सदस्य |
| ६ | इन्जिनियर/प्राविधिक शाखा प्रमुख | सदस्य |
| ७ | नेपाल रेडक्रस सोसाइटी बझाङ्ग शाखा प्रतिनिधि | सदस्य |
| ८ | गाउपालिकाको स्वास्थ्य प्रतिनिधि | सदस्य |

९ योजना शाखा प्रमुख सदस्य

आवश्यकता परेमा विपद् कोष व्यवस्थापन समितिको बैठकमा अन्य विशेषज्ञ समेत आमन्त्रण गर्न सकिनेछ ।

(२) समितिको काम, कर्तव्य र अधिकार

- गाँउपालिका विपद् कोष व्यवस्थापनका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने ।
- गाँउपालिका विपद् व्यवस्थापन कोषको सञ्चालनका लागि योजना तर्जुमा गरी गाँउ सभाबाट स्वीकृत गराई कार्यक्रम तय गर्ने गराउने ।
- विपद्को घटना घट्नु अगावै जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने ।
- विपद्बाट पीडित भएका व्यक्तिको सन्दर्भमा तथ्याङ्क संकलन गरी विपद्को घटना घटेको ठाँउमा समितिले अनुगमन गर्नुका साथै राहतको कार्यक्रम लागु गर्ने ।
- विपद्का लागि पूर्व तयारीमा रहने ।
- विपद् न्यूनीकरण तथा नियन्त्रणको पूर्वाधार निर्माण गर्न गाँउपालिकालाई सिफारिस गर्ने ।

**४. समितिको बैठक :** (१) समितिको बैठक बस्ने प्रयोजनका लागि ५१ प्रतिशत सदस्यलाई गणपुरक संख्या मानिनेछ । तर आपतकालिन अवस्थामा अध्यक्षले उद्धार तथा राहतका लागि सिधै निर्देशन गर्न सक्नेछ ।

(२) व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा पनि वस्न सक्नेछ ।

**५. कोषबाट रकम वितरण :** (१) कोषको रकम बुँदा नं. २ को प्रयोजनको लागि खर्च गर्ने गरी कार्यपालिकाबाट निश्चित मापदण्ड बनाई वितरण गरिनेछ ।

(२) बुँदा नं. (१) बमोजिम कोषको रकम उपलब्ध गराउँदा विपदको सघनता र व्यापकता, कोषमा उपलब्ध भएको रकम र खर्चको औचित्य समेतलाई दृष्टिगत गरी समितिले उचित ठहराए बमोजिम रकम उपलब्ध गराइनेछ ।

**५. लेखा परीक्षण :** यस कोषको आन्तरिक लेखा परीक्षण आ.ले.प.शाखाबाट र अन्तिम लेखा परीक्षण महालेखा परिक्षकको कार्यालयबाट गरिनेछ ।

**६. अनुगमन तथा प्रतिवेदन :** (१) यो कार्यविधि अनुसार गरिएका काम कारवाहीको लागि गाँउपालिका बाट अनुगमन गरिनेछ ।

(२) यो कार्यविधि अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन गाँउ कार्यपालिकामा पेश गरिनेछ ।

**७. संशोधन तथा परिमार्जन :** केदारस्युँ गाउँपालिका विपद उद्दार तथा राहत कोषलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाँउ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ।

**८. खारेजी तथा वचाउ :** यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा प्रचलित आर्थिक ऐन नियममा भएको व्यवस्थाहरुसँग वाभिएको हकमा वाभिएको हदसम्म खारेजी हुनेछ।

केदारस्युँ गाँउपालिका